उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामेछाप

पत्र संख्या: २०८२/०८३

बागमती प्रदेश, नेपाल

**पशुपन्छीजन्य औषधी खरिद सम्बन्धी**

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/१०/०६**

उमाकुण्ड गाउँपालिकाको आ.व. २०८२/०८३ को गाउँसभाबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत पशुपन्छी स्वास्थ्य प्रवर्द्धनार्थ औषधि वितरण गर्नु पर्ने भएकोले इच्छुक फर्म/संस्था वा निर्माता कम्पनीका आधिकारिक बिक्रेताहरुबाट तपशिल बमोजिमको शर्तहरुको अधीनमा रही के कति दरमा उक्त औषधि उपलब्ध गराउन सकिन्छ ? यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वकको शिलवन्दी दरभाउ पत्र यस गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

१। दरभाउ पत्र दस्तुर वापत तपशिल वमोजिमको रकम (फिर्ता नहुने गरी) बुझाई नवीकरण भएको इजाजत पत्र, आयकर दर्ता र मूल्य अभिवृद्धि कर दर्ता भएको प्रमाणित प्रतिलिपिका साथ सूचना प्रकाशित भयको मितिले उल्लेखित म्यादभित्र यस कार्यालयको राजश्व शाखाबाट कार्यालय समय भित्र दरभाउ पत्र खरिद गर्न सकिने छ ।

२। खरिद गरिएको दरभाउ पत्र प्रथम पटक सूचना प्रकाशित मितिले १५ औं दिनको कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ ।म्याद भित्र दर्ता भएको दरभाउपत्र अन्तिम मितिको भोलिपल्ट दिनको २ बजे यस कार्यालय तथा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा गाउँपालिकामा खोलिनेछ । दरभाउपत्रदाताहरुको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३। दरभाउपत्र जमानत बापत रु ४०,०००।- (चालीस हजार मात्र) रकम (पछि फिर्ता हुने) लक्ष्मी सनराइज बैंक लि प्रिती शाखामा रहेको स्थानीय तह धरौटी खाता ग.३.१ खाता नं. ०९६०५६८५७७७०३००३ मा जम्मा गरेको सक्कल भौचर वा "क" वर्गको बैंकले गाउँपालिकाको नाममा जारी गरेको कम्तीमा ७५ दिनको बैंक जमानत पेश गर्नु पर्नेछ ।

४। दरभाउपत्रदाताले दरभाउपत्रमा मू.अ.कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै केरमेट भएको ठाउँमा दरभाउपत्रदाताको सहिछाप हुनु पर्नेछ ।

५। दरभाउपत्र खरिद गरी दर्ता र खोल्ने अन्तिमदिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

६। कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

२०८२/१०/०६

धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत

उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप

पत्र संख्या: २०८२/०८३

बागमती प्रदेश, नेपाल

७। दरभाउपत्र स्वीकृति पश्चात सम्झौता अगावै सार्वजनिक खरिद नियमावलीको नियम ११० बमोजिमको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।

८। सिलबन्दी दरभाउपत्रको कागजात पेश गर्दा खाममा स्पष्टसँग कार्यालयको नाम, ठेक्का नं, कामको विवरण तथा बोलपत्रदाताको नाम र ठेगाना खुलाई सिलबन्दी गरिएको हुनु पर्नेछ ।

९। म्याद नाघी आएको, रीत नपुगेको र शर्त तथा बन्देजहरु राखी पेश भएका दरभाउपत्रहरु उपर कुनै कारवाही हुने छैन ।

१०। एउटा फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइने छैन ।

११। अनिवार्य रुपमा जि.एम.पि. सर्टिफाइड औषधि भएको हुनुपर्नेछ । साथै औषधिको म्याद गुज्रने मिति कम्तिमा १८ महिना हुनुपर्नेछ र १८ महिना वा सोभन्दा कम आयु (Self Life) रहने औषधिको हकमा कुल आयु (Self Life) को कम्तिमा ७५ प्रतिशत म्याद कायम रहेको हुनुपर्नेछ ।

१२। अन्य थप कुराहरु बुझ्न परेमा यस गाउँपालिकाको पशुपन्क्षी विकास शाखामा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

१३। यसमा उल्लेखित बाहेक अन्य विषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र खरिद नियमावली, २०६४ तथा सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

*द्रष्टव्य:* थप जानकारीका लागि गाउँपालिकाको आधिकारिक वेवसाइट https://umakundamun.gov.np हेर्नु हुन समेत अनुरोध छ ।

तपसिल:

| क्र.सं. | ठेक्का नं | औषधीको विवरण | आवश्यक संख्या | लागत अनुमान रकम रु. - मू.अ.क सहित) | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र खरिद तथा दाखिला गर्ने म्याद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | URM/RCH/PAAUSHA DHI/SQ/01/2082-083 | BOQ मा उल्लेख रहेको | BOQ मा उल्लेख रहेको | १५९९९२७। ४५ | १००० ।- | १५ दिन ( २०८२/१० /२० सम्म ) | |

प्रमुख प्रशासकिय अधिकृत

श्री सूचना प्रविधि शाखा:- गाउँपालिकाको वेभसाइटमा अपलोड गर्नु हुन।
धर्नेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत